मिति : २०८०/०४/१४ गते (आइतवार) स्थान : पोखरा सभागृह BPC हल
बैठक संख्या : २१ औं समय : विहान ८ : ०० बजे ।

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्युको अध्यक्षतामा यस महानगरपालिका नगर कार्यपालिकाको २१ औं कार्यपालिका बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं. | | पदाधिकारीहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री धनराज आचार्य | प्रमुख | |
| २ | उपाध्यक्ष | श्री मञ्जुदेवी गुरुङ्ग | उप प्रमुख | |
| ३ | सचिव | श्री वीरेन्द्रदेव भारती | प्र.प्र.अ. | |
| ४ | सदस्य | श्री शाहारा प्रधान | अध्यक्ष वडा नं.१ | |
| ५ | सदस्य | श्री दिवसमान प्रधानाङ्ग | अध्यक्ष वडा नं.२ | |
| ६ | सदस्य | श्री प्रकाशमान उदास | अध्यक्ष वडा नं.३ | |
| ७ | सदस्य | श्री देव कृष्ण पराजुली | अध्यक्ष वडा नं.४ | |
| ८ | सदस्य | श्री विष्णु प्रसाद बराल | अध्यक्ष वडा नं.५ | |
| ९ | सदस्य | श्री विष्णु बहादुर भट्टराई | अध्यक्ष वडा नं.६ | |
| १० | सदस्य | श्री राममोहन आचार्य | अध्यक्ष वडा नं.७ | |
| ११ | सदस्य | श्री रुद्रनाथ बराल | अध्यक्ष वडा नं.८ | |
| १२ | सदस्य | श्री दिपेन्द्र मर्सानी | अध्यक्ष वडा नं.९ | |
| १३ | सदस्य | श्री राजेश गुरुङ्ग | अध्यक्ष वडा नं.१० | |
| १४ | सदस्य | श्री प्रेम प्रसाद कर्माचार्य | अध्यक्ष वडा नं.११ | |
| १५ | सदस्य | श्री सन्तोष वास्तोला | अध्यक्ष वडा नं.१२ | |
| ६ | सदस्य | श्री किरण बराल | अध्यक्ष वडा नं.१३ | |
| ७ | सदस्य | श्री बोध बहादुर कार्की | अध्यक्ष वडा नं.१४ | |
| | सदस्य | श्री तोरण बहादुर बानिया | अध्यक्ष वडा नं.१५ | |
| | सदस्य | श्री अमृत शर्मा तिमिल्सीना | अध्यक्ष वडा नं.१६ | |
| | सदस्य | श्री राधिका कुमारी शाही | अध्यक्ष वडा नं.१७ | |
| | सदस्य | श्री शिव प्रसाद तिमिल्सीना | अध्यक्ष वडा नं.१८ | |

| | | | | |
|---|---|---|---|---|
| २२ | सदस्य | श्री पुष्पेन्द्र पाण्डे | अध्यक्ष वडा नं.१९ | |
| २३ | सदस्य | श्री गंगा बहादुर खत्री | अध्यक्ष वडा नं.२० | |
| २४ | सदस्य | श्री दिपक प्रसाद सुवेदी | अध्यक्ष वडा नं.२१ | |
| २५ | सदस्य | श्री हिमलाल बराल | अध्यक्ष वडा नं.२२ | |
| २६ | सदस्य | श्री रामकाजी गुरुङ्ग | अध्यक्ष वडा नं.२३ | |
| २७ | सदस्य | श्री भरत बहादुर अधिकारी | अध्यक्ष वडा नं.२४ | |
| २८ | सदस्य | श्री मोतिराज तिमिल्सीना | अध्यक्ष वडा नं.२५ | |
| २९ | सदस्य | श्री नरेन्द्र थापा | अध्यक्ष वडा नं.२६ | |
| ३० | सदस्य | श्री पूर्ण कुमार गुरुङ्ग | अध्यक्ष वडा नं.२७ | |
| ३१ | सदस्य | श्री श्रीकृष्ण लामिछाने | अध्यक्ष वडा नं.२८ | |
| ३२ | सदस्य | श्री श्रीप्रसाद गुरुङ्ग | अध्यक्ष वडा नं.२९ | |
| ३३ | सदस्य | श्री दुर्गा प्रसाद सुवेदी | अध्यक्ष वडा नं.३० | |
| ३४ | सदस्य | श्री ढकनाथ कडेल | अध्यक्ष वडा नं.३१ | |
| ३५ | सदस्य | श्री अक्कल बहादुर कार्की | अध्यक्ष वडा नं.३२ | |
| ३६ | सदस्य | श्री रामचन्द्र अधिकारी | अध्यक्ष वडा नं.३३ | |
| ३७ | सदस्य | श्री दिपक घिमिरे | कार्यपालिका सदस्य | |
| ३८ | सदस्य | श्री हरिमाया बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| ३९ | सदस्य | श्री गोविन्द तुलाचन | कार्यपालिका सदस्य | |
| ४० | सदस्य | श्री मन्दिरा परियार | कार्यपालिका सदस्य | |
| ४१ | सदस्य | श्री धन कुमारी पोखेल | कार्यपालिका सदस्य | |
| ४२ | सदस्य | श्री निर्मल दियाली | कार्यपालिका सदस्य | |
| ४३ | सदस्य | श्री निर्मला पौडेल | कार्यपालिका सदस्य | |
| ४४ | सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | कार्यपालिका सदस्य | |
| ४५ | | श्री किरण प्रसाद कोइराला | वरिष्ठ प्रशासकीय अधिकृत आठौंतह | |
| ४६ | | | | |
| ४७ | | | | |

# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पोखरा, कास्की
गण्डकी प्रदेश, नेपाल

फोन नं. ५२११०४
फ्याक्स नं. ५२०६००
इमेल:info@ pokharamun.gov.np
वेभसाइट: pokharamun.gov.np


पत्र संख्या: ०८०/०८१
च.नं. 356

मिति २०८०/०४/११

श्री वडा अध्यक्षज्यू सबै,
श्री कार्यपालिका सदस्यज्यू सबै,
पोखरा महानगरपालिका ।

**विषय : उपस्थिती सम्बन्धमा।**

पोखरा महानगरपालिका नगर कार्यपालिकाको २१ औं बैठक तपसिल बमोजिमको मिति, समय र स्थानमा हुने भएकोले उपस्थितीको लागि अनुरोध छ । साथै कार्यपालिका बैठकको प्रस्ताव यसै साथ संलग्न रहेको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

(वीरेन्द्रदेव भारती)
प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**

**तपसिल**

मिति : २०८०/०४/१४ गते (आइतबार) ।

समय : बिहान ८ :०० बजे ।

स्थान : पोखरा महानगरपालिका सभाहल ।

**एजेण्डा :**

१. शहरी शासकीय सुधार कार्यक्रम अन्तर्गत परियोजना छनौट सम्बन्धी

२. प्रमुख प्रशासकीय अधिकृत श्री वीरेन्द्रदेव भारतीज्यूको विदाइ

३. विविध

**सादर अवगतार्थ:**
श्री प्रमुखज्यू/उप प्रमुखज्यूको सचिवालय : पोखरा महानगरपालिका ।

कार्यपालिकाको २१ औं बैठकका निर्णयहरु (मिति २०८०/०४/१४ गते)

निर्णय नं. १:- विश्व बैंकको आर्थिक सहयोगमा शहरी विकास मन्त्रालयबाट संचालित शहरी शासकीय पूर्वाधार परियोजना अन्तर्गत तालचोक बेगनास सडक खण्ड निर्माणाधिन रहेको, बिरौटा पुडिटारको बाँकी खण्ड सर्भे तथा डिजाईन प्रक्रियामा रहेको र बाँकी परियोजनाका लागि प्रस्तावित लेखनाथ चोक-डाँडाको नाक- शिशुवा- खुदीखोला हुँदै गगनगौंडा जोड्ने सडक खण्ड निर्माणलाई अनुमोदन गर्ने निर्णय भयो ।

निर्णय नं. २:- फेवातालको सिमाकंन सम्बन्धमा सर्वोच्च अदालतले गरेको फैसला कार्यान्वयनको लागि हालसम्म फैसलाको पूर्ण पाठ प्राप्त भईनसकेको र अहिलेसम्म फेवातालको सिमाकंनको सवालमा नेपाल राजपत्रमा प्रकाशित सिमाङ्कनबाट सम्मानित सर्वोच्च अदालतको फैसला बमोजिम ६५ मिटर मापदण्ड भन्दा बाहिर नियमानुसार नक्शा पास गर्ने, अभिलेखिकरण प्रक्रिया अगाडी बढाउने तथा सो सिमा बाहिर नयाँ निर्माण गर्न प्रस्ताव आएमा नक्सा पास प्रक्रिया अघि बढाउने निर्णय भयो ।

निर्णय नं. ३:- यस महानगरपालिकामा ईन्जिनियर सातौं तहमा कार्यरत ज्योती थापाले ईन्जिनियरिंग विषयमा उच्च शिक्षा अध्ययनको लागि नर्वेजियन युनिभर्सिटीमा अवसर प्राप्त गर्नु भएकाले निजामती सेवा ऐन, २०४९ को दफा १२७ (क) र स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ बमोजिम मिति २०८०/०४/०१ देखि दुई वर्षको अध्ययन बिदा माग गरेको सम्बन्धमा छलफल हुँदा निजामती सेवा नियमावली, २०५० को नियम ६१ को उप नियम ( ५) बमोजिम निजको माग बमोजिम मिति २०८०/०४/०१ देखि लागु हुने गरी २ दुई वर्षको बेतलवी अध्ययन बिदा स्वीकृत गर्ने निर्णय भयो ।

निर्णय नं. ४ :- वडा नं.७ को संगीता आचार्य दाहालको कि. नं. ६८ क्षेत्रफल २३९.६० को जग्गामा घर बनाउन नक्शा पास गर्न पेश भएकोमा उक्त कि. नं. को जग्गामा जान कि. नं. ६५ र कि. नं ६९ को पूर्वतर्फबाट ४ हातको बाटो उपलब्ध गराउन भएको सहमती अनुसार सोही सहमतीको बाटोलाई मान्यता दिई प्राविधिक प्रतिवेदन अनुसार नक्शा पास गर्ने व्यवस्था मिलाउने । निबेदक सरस्वती सुवेदीलाई बाटो निकासको कारण सो सँग जोडिएको निजको कि. नं. २८ को जग्गालाई मापदण्ड नलगाउने निर्णय भयो ।

निर्णय नं ५. - वडा नं. ३२ मा अस्थाई रुपमा फोहोर व्यवस्थापन भइरहेको लामेआहाल क्षेत्रमा स्थानीयहरुको फोहोर व्यवस्थापन समिति गठन गरी काम भई रहेकोमा फोहोर व्यवस्थापनको लागि उपयोग भएको डोजर, लोडर टिपरको मिति २०८० आषाढ महिनामा प्राविधिक मूल्याङ्कन अनुसार जम्मा १२५ घण्टा संचालन भएकाले सो डिजेल खर्च बापत प्राविधिक प्रतिवेदन अनुसार २४०० लिटर डिजेलको रकम सम्वन्धित खर्च शीर्षकबाट भुक्तानीको व्यवस्था मिलाउने ।

निर्णय नं ६.- पोखरा महानगरपालिकामा उत्सर्जित फोहर व्यवस्थापनको लागि फोहोर व्यवस्थापन भएको स्थान लामेआहालमा फोहर दैनिक माटोले पुर्ने कामको लागि २०८० आषाढ महिनामा भाडामा एस्काभेटर मेसिन प्रयोग दैनिक ४ घण्टाको दरले बढीमा १२५ घण्टाको प्राविधिक मूल्याकंन अनुसारको रकम सम्वन्धित शीर्षकबाट भुक्तानी गर्ने व्यवस्था मिलाउने । र सो ल्याण्डफिल संचालनमा हाल केहि अवरोध सृजना भएकाले सो समस्या समाधान गर्न वडा नं. २६ र ३३ का वडा अध्यक्ष ज्यूहरुलाई जिम्मेवारी दिने निर्णय भयो ।

निर्णय नं ७.- पोखरा महानगरपालिकाले आधुनिक फोहर प्रशोधन केन्द्र स्थापना गर्न अधिग्रहण गर्न लागेको वडा नं. ३३ को पुडिटार क्षेत्रका बासिन्दाबाट फोहर ढुवानी तथा प्रशोधन केन्द्र स्थापनाबाट स्थानीय जनमानसमा नकरात्मक असर पर्नसक्ने भनि सो स्थानमा फोहर प्रशोधन केन्द्र स्थापना गने कार्यमा अवरोध सृजना भएकाले वडा अध्यक्षको रोहवरमा उपस्थित सबै सँग छलफल हुँदा स्थानीयसँग भएको सहमती अनुसार महानगरपालिकाले देहाय बमोजिम गर्ने निर्णय भयो ।

१. फोहर प्रशोधन केन्द्रमा सृजित रोजगारिमा अदक्ष तर्फ स्थानीय साविक भरतपोखरी १, २, ३, ५ र ६ का समुदायलाई रोजगारिमा प्राथमिकता दिने व्यवस्था मिलाउने ।

२. फोहर ढुवानी गर्दा सुरक्षित तवरले बन्द गाडीमा फोहर नखस्ने/नचुहने गर्ने व्यवस्था मिलाउने ।

३. प्रशोधन केन्द्रको कारण स्थानीय समुदायको जनस्वास्थ्यमा असर पर्न गएमा महानगरले उचित स्वास्थ्य उपचारको व्यवस्था गर्ने ।

४. प्रशोधन केन्द्र वरपर रहेका खानेपानीको मूल महानगरपालिकाले संरक्षण गर्ने ।

५. नयाँ प्रविधिको संरचना तयार भएपछि मात्र फोहर ढुवानीको काम शुरु गर्ने ।

६. वडा नं. ३३ को लामेआहाल झोलुङ्गे पुल देखि छप्त्याङ झोलुङ्गे पुल विचमा सेती नदीमा मोटरेवल पुल निर्माण कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने ।

७. फोहर प्रशोधन केन्द्र शुरु भएपछि नगर परिषद्वाट वजेट विनियोजन हुँदै गर्दा वडाले पाउने वजेटबाहेक प्रशोधन केन्द्र विशेष प्रभावित शीर्षकमा थप विशेष वजेटको व्यवस्था गर्ने ।

८. जनजागृति आधारभूत विद्यालय वरपर संरक्षण गर्न तटबन्धको व्यवस्था गर्ने ।

९. साविक भरतपोखरी गा.वि.स. को वडा नं. १, २, ५ र ६ का बासिन्दालाई सरसफाई शुल्क छुट दिने व्यवस्था मिलाउने ।

१०. फोहर प्रशोधन केन्द्र क्षेत्रमा स्वास्थ्य चौकीको स्थापना गर्ने ।

११. पुडीखोला मोटरेवल पुल प्राथमिकताका साथ निर्माण गर्ने ।

१२. पुडीटार-बरपौवा देखि चवादी लगायत साविक भरतपोखरी ५ नं. वडाको बाटोहरु प्राथमिकताका साथ स्तरोन्नती गर्ने ।

१३. प्रशोधन केन्द्र बाट प्रदान गरिने CSR को सेवा वापतको सुविधा साविक भरतपोखरी वडा नं. १ र ५ मा विभिन्न कार्यक्रम मार्फत खर्च गर्ने ।

१४. प्रशोधन केन्दमा जनस्वास्थ्यको मापदण्ड पालना गर्ने ।

१५. फोहर प्रशोधन केन्द्र स्थापना क्षेत्र पुडिटार, माथिल्लो पुडिटार र वरपौवाका स्थानीयलाई निशुल्क स्वास्थ्य विमा गर्ने व्यवस्था मिलाउने ।

१६. फोहोर दुर्गन्ध हुने गरी लामो समय डम्पीङ्ग गरी नराख्ने व्यवस्था मिलाउने ।

१७. प्रशोधन केन्द्र संचालनबाट प्राप्त हुने मुनाफालाई मध्ये नजर गरि महानगरपालिकाले उक्त क्षेत्रको विकासलाई वढावा दिने ।

१८. प्रशोधन केन्द्रबाट उत्पादित ईन्धन नेपालमा नै विक्री वितरण गर्ने भएमा स्थानीयलाइ सहुलियत दरमा खरिद गर्न प्राथमिकतामा दिने शर्त सम्बन्धित कम्पनी समक्ष राख्ने ।

१९. अन्य केही समस्या आएमा स्थानीय सरोकार समिति गठन गरि एक आपसमा सहकार्य र सहजीकरण गर्ने गराउने ।

**निर्णय नं.-८** पोखरा महानगरपालिका वडा नं. २७ र ३३ मा रहेको सेती नदीको मोरेखरे घाटको वरिपरी स्थायी ड्याम निर्माण गरी नदीजन्य समाग्री संकलन, प्रशोधन तथा निकासी गर्ने सार्वजनिक नीजि साझेदारी PPP अन्तर्गत कार्यन्वयन गर्ने कार्यपालिकाको पूर्व निर्णयानुसार उक्त कार्यका लागि छनौट भएको मोरेखरे रिभरमाईनिङ्ग प्रा.लि वीच आयोजना निर्माण सम्बन्धी भएको सम्झौता अनुमोदन गर्ने निर्णय भयो ।

**निर्णय नं.-९** अष्ट्रेलियाको ब्रिस्वेनमा अक्टोबर ११ देखि १३, २०२३ सम्म हुने Asia Pacific Cities Summit (APCS) & Mayor's Froum Shaping Cities for Our Future कार्यक्रममा नगर प्रमुखलाई निमन्त्रणा प्राप्त भएकोमा नगर प्रमुखज्यूको कार्यव्यस्तताका कारण सहभागी हुन नभ्याउने हुँदा महानगरपालिकाको प्रतिनिधित्व गर्नेगरी सहभागिता मागभई आएकाले वडा नं.९ का वडा अध्यक्ष श्री दिपेन्द्र मर्सानी, वडा नं. १२ का वडा अध्यक्ष श्री सन्तोष बास्तोला, वडा नं. १३ का वडा अध्यक्ष श्री किरण बराल, वडा नं. २६ का अध्यक्ष श्री नरेन्द्र थापा, वित्त व्यवस्थापन महाशाखा प्रमुख र महानगरपालिका सहकारी समितिका सदस्य श्री दुर्गा प्रसाद सुवेदीलाई सहभागी हुन पठाउने । सो भ्रमणका सम्बन्धमा आवश्यक सहजिकरणका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारीस गर्ने निर्णय भयो ।